# भिखारी कवितासङ्ग्रहका कवितामा अलङ्कारविधान

अनिल अधिकारी (मुख्य लेखक)
उपप्राध्यापक, नेपाली
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
aniladhikaribhojpur@gmail.com
केशवप्रसाद अधिकारी (सह-लेखक)
सहायक शिक्षक, नेपाली
आदर्श माध्यमिक विद्यालय, विराटनगर
adhikarikeshav024@gmail.com

**लेखसार**

यस लेखमा भिखारी कवितासङ्ग्रहका कवितामा अलङ्कारविधानको निरूपण गरिएको छ । भिखारी कवितासङ्ग्रह लक्ष्मीप्रसाद देवकोटाका १९९२ सालदेखि २००९ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविताको सङ्गृहीत पुस्तकाकार कृति रहेको छ । प्रस्तुत कृतिमा बाईस कविता सङ्कलित रहेका छन् । नेपाली कविताको आधुनिककालीन सन्दर्भको विवेचनाका साथै स्वतन्त्र अध्ययनका क्रममा यस कवितासङ्ग्रहका कविताको विधासैद्धान्तिक, प्रवृत्तिपरक, मूल्यनिर्णयात्मक तथा वैचारिक अध्ययनका क्रममा उल्लेख भए पनि संस्कृत काव्यचिन्तनअन्तर्गत अलङ्कारविधानका कोणबाट हुन नसकेको रिक्तताको परिपूर्तिमा यो लेख केन्द्रित रहेको छ । संस्कृत काव्यचिन्तन अन्तर्गत अलङ्करविधानलाई सिद्धान्तका रूपमा चयन गरिएको यस लेखका यस कृतिमा प्रकाहित कवितामा शब्दालङ्कार र अर्थालङ्कारको अध्ययन भएको छ । मूलभूत रूपमा अध्ययनका क्रममा यस कवितासङ्ग्रहभित्र अनुप्रास, र यसका छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यानुप्रास तथा रूपम तथा अर्थालङ्कारमध्ये सादृश्यमूलक अर्थालङ्कारका रूपमा उपमा, उत्प्रेक्षा, प्रतिवस्तुपमा, दृष्टान्त, स्मरण र व्यतिरेक, व्यतिरेकमूलक अलङ्कारका रूपमा प्रश्नोत्तर, विरोध, उक्तिचातुर्यमूलक अलङ्कारका रूपमा परिकर तथा न्यायमूलक अलङ्कार काव्यलिङ्गको उपस्थिति तुलनात्मक रूपले सघन रहेको छ । प्रस्तुत लेखमा संस्कृत काव्यचिन्तनले स्थापित गरेका अलङ्कार विषयक सिद्धान्तका आधारमा भिखारी कवितासङ्ग्रहमा सङ्गृहीत कविताको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* शब्दालङ्कार, सादृश्यमूलक, विरोधमूलक, उक्तिचातुर्यमूलक, न्यायमूलक अर्थालङ्कार

## १. विषयपरिचय

प्रस्तुत लेख लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६)को *भिखारी* कवितासङ्ग्रहका कवितामा अलङ्कारविधान मूलसमस्यासँग सम्बन्धित रहेको छ । भिखारी कवितासङ्ग्रह २०१० सालमा देवकोटाको कवितायात्राको पहिलो चरणअन्तर्गत शुद्ध स्वच्छन्दतावादी भावधारालाई प्रतिनिधित्व गर्ने सङ्ग्रह हो । प्रगीतात्मक संरचनाका बाईस कविता सङ्गृहित यस सङ्ग्रहका कवितामा स्वच्छन्दतावादी र मानवतावादी प्रवृत्ति मुखरित रहेका छन् । भिखारी कवितासङ्ग्रहका अतिरिक्त जन्मोत्सव र मुटुका थोपा (२०१५), नवरस (२०३६), लक्ष्मी कवितासङ्ग्रह (२०३९), लक्ष्मी गीतसङ्ग्रह (२०४१) कवितासङ्ग्रहका अतिरिक्त विभिन्न कवितासङ्ग्रहहरू दुईदर्जन खण्डकाव्य, आधादर्जन महाकाव्य, निबन्धसङ्ग्रह, कथासङ्ग्रह नाटकजस्ता पुस्तकाकार र फुटकर रूपमा कृतिहरू प्रकाशित रहेका छन् ।

स्वच्छन्दतावादी, मानवतावादी चेतनाधार्मितासँग सम्बन्धित प्रस्तुत कवितासङ्ग्रहका कविता कविको कवितायात्राको पहिलो चरणसम्बद्ध प्रवृत्ति प्रतिबिम्बन भएका छन् । प्रस्तुत कवितासङ्ग्रहका कविता कविको काव्य साधना, कविताप्रवृत्ति, कविताशिल्प तथा काव्यकारितासँग सम्बन्धित विधासिद्धान्तका स्थूल र सूक्ष्म दुवै दृष्टिकोणका आधारमा अध्ययन/अनुसन्धान भएका छन् । यस अध्ययनका सन्दर्भमा कुमारबहादुर जोशीको देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवेचना, नेपाली कविता भाग ४ (सम्पाःवासुदेव त्रिपाठी र अन्य), देवकोटाको खण्डकाव्यकारिता (महादेव अवस्थी), देवकोटाका कवितामा व्यङ्ग्यचेतना (ताराकान्त पाण्डेय) जस्ता अनुसन्धानमूलक र पाठ्यक्रमको परिपूर्तिका लागि लेखिएका पुस्तक तथा अनुसन्धानात्मक ग्रन्थ तथा लेख उपर्युक्त पूर्वकार्यका रूपमा रहेका छन् । यी पूर्वकार्यले देवकोटाको कवित्व, खण्डकाव्यकारिता तथा कवितामा अवशिष्ट व्यङ्ग्य चेतनालाई प्रस्तुत

गर्ने सन्दर्भमा यी कविताका बारेमा चर्चा भए पनि यस कविताको अलङ्कार विधानको विषयमा विशिष्टीकृत अध्ययनमा रहेको रिक्तताको पूर्तिका लागि यस लेखको औचित्य स्थापित हुने देखिन्छ ।

अलङ्कार सिद्धान्त साहित्यको विश्लेषण र मूल्याङ्कन गर्ने संस्कृत काव्यचिन्तनको सशक्त प्रतिमानका स्थापित रहेको सिद्धान्त हो । साहित्यको सौन्दर्यकारक प्राप्तिका रूपमा रहने शब्द र अर्थमा अवशिष्ट सौन्दर्यको पहिचान गरी तिनका आधारमा साहित्यिक पाठको अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गर्ने सिद्धान्तका रूपमा अलङ्कारको पहिचान बनेको छ । ज्ञानमीमांसाका दृष्टिले कलात्मक सौन्दर्यशास्त्रलाई प्रतिनिधित्व गर्ने सामवेद, पातञ्जल दर्शनको स्फोटसिद्धान्त र शिल्पविद्यासम्बद्ध दर्शनसँग जोडिएको छ । साहित्यको शैलीपक्षको विश्लेषणसम्बद्ध सिद्धान्तको तत्वमीमांसीय आधारका रूपमा साहित्यको शैलीकेन्द्री विश्लेषण रहे पनि यसका संस्थापकहरूले संरचना र शैलीका सबै अङ्गी र अङ्ग संरचना यसमै अन्तर्भूत भई साहित्यले कलात्मक आकार प्राप्त गर्ने विषयमा जोड दिएका छन् । अलङ्कारसिद्धान्तले स्थापित गरेको प्रतिमानका आधारमा लक्ष्मीप्रसाद देवकोटाका अनुसन्धानका दृष्टिले उपयुक्त सामग्री रहेका छन् । अलङ्कार सिद्धान्त ईसाको छैटौं शताव्दीकाआचार्य भामहले स्थापना गरेको साहित्यसिद्धान्त हो । यस सिद्धान्तले अलङ्कार अर्थात् कलासौन्दर्यका केन्द्रीयतामा सृजनाको मूल्याङ्कन नहुने सैद्धान्तिक पर्याधार निर्माण गरेको छ । यस अध्ययनका सन्दर्भमा भामहको काव्यलङ्कार, संस्कृत लक्षणग्रन्थका साथै नेपाली भाषाका सोमनाथ सिग्द्यालको साहित्यप्रदीप, वासुदेव त्रिपाठीको लेखनाथ पौडचालको कवित्वको विश्लेषण र मूल्याङ्कन, केशवप्रसाद उपाध्यायको पूर्वीय साहित्यसिद्धान्तका अतिरिक्त अन्य सन्दर्भग्रन्थमा उल्लिखित सैद्धान्तिक अवधारणा पूर्वकार्यका रूपमा रहेका छन् । यी सैद्धान्तिक लक्षणग्रन्थका आधारमा विश्लेषणविधि निर्धारण गरी यस लेखलाई पूर्णताप्रदान गरिएको छ ।

## २. समस्याकथन

नेपाली साहित्यको कविताको उपपविधाअन्तर्गत खण्डकाव्य र महाकाव्यमा रहेको रिक्ततालाई परिपूर्ति गरी साहित्यको समृद्धिमा विशेष योगदान पुऱ्याएका देवकोटाका कविता सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले अब्बल रहेका छन् । समालोचना र अनुसन्धानका क्षेत्रमा विशेष चर्चा र श्रद्धाका साथ चर्चा गरिएका देवकोटाका कृतिका विषयमा विभिन्न अनुसन्धान र स्वतन्त्र समालोचना भएका छन् । उनको कवित्व, कृतित्व, प्रवृत्ति, प्राप्ति, मूल्याङ्कन र विवेचना गर्ने सन्दर्भमा यिनका अधिकतर सृजनाको विवेचना भए पनि संस्कृत काव्यचिन्तनअन्तर्गत प्रचलनमा रहेको कुनै तत्वलाई केन्द्रविन्दुमा राखी कृतिको विश्लेषण कम मात्रामा भएका छन् । यस लेखमा देवकोटाको भिखारी कवितासङ्ग्रहका कवितालाई आधार सामग्रीका रूपमा लिई ती कवितामा अलङ्कारविधान मूलविषयलाई समाधेय समस्याका रूपमा लिई निम्नलिखित शोध्यप्रश्नको प्राज्ञिक उत्तरसहित निष्कर्ष निकालिएको छ ।

(क) कवितामा शब्दालङ्कारको प्रयोग के-कस्तो रहेको छ ?

(ख) कवितामा सादृश्यमूलक अर्थालङ्कारको प्रयोग कसरी भएको छ ?

(ग) कवितामा विरोधमूलक, उक्तिचातुर्यमूलक र न्यायमूलक अर्थाअलङ्कार प्रस्तुतिको प्रयोजन के हो ?

उपर्युक्त शोधसमस्या र शोध्य प्रश्नको प्रज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## ३. अध्ययनविधि

प्रस्तुत लेखको शोधप्रश्नसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीको रूपमा *भिखारी* कवितासङ्ग्रहका कविता रहेका छन्। द्वितीयक सामग्रीको रूपमा सैद्धान्तिक विषय उल्लेख भएका अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन्। सामग्री विश्लेषणका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ। प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि संस्कृत काव्यचिन्तनअन्तर्गतको अलङ्कारसिद्धान्त रहेको छ । अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि व्याख्यात्मक, विवेचनात्मक र विश्लेषणविधिको उपयोग गरिएको छ ।

## ४. सैद्धान्तिक पर्याधार

अलङ्कार वैदिक संहितामा प्रयोग भई आए पनि भरतमुनिको नाटचशास्त्र साहित्यको विवेचना गर्ने मानकका रूपमा स्थापित भएको विषय हो । कृतिको अङ्गी वा शोभाकारक अङ्ग तत्व मान्ने विषयमा मतैक्य नपाइने यस सिद्धान्तको

विकास कलात्मक सौन्दर्यशास्त्रलाई प्रतिनिधित्व गर्ने सामवेद, पातञ्जल दर्शनको स्फोटसिद्धान्त र शिल्पविद्यासम्बद्ध दर्शनसँग जोडिएको ज्ञानमीमांसामा आधारित रहेको छ । साहित्यको शैलीपक्षको विश्लेषणसम्बद्ध सिद्धान्तको तत्त्वमीमांसीय आधार साहित्यको बाह्य सौन्दर्यको विवेचना गर्ने पक्षसँग सम्बन्धित रहेको छ । संस्कृत काव्य चिन्तनमा साहित्य विश्लेषणको आधधारका रूपमा भरतमुनिको नाटचशास्त्रबाट आरम्भ भएको यस सिद्धान्तको व्याख्या पश्चिमा साहित्यमा एरिस्टोटलले प्रथमपटक पेरिपोइतिकेसमा गरेका हुन् । अलङ्कारसिद्धान्तको विकासमा संस्कृत र पश्चिमी काव्यचिन्तनमा अलङ्कारको विषय रूपमा साहित्यको शैलीपक्षसँग सम्बन्धित यस सिद्धान्तको पनि यसका संस्थापकहरूले संरचना र शैलीका सबै अङ्गी र अङ्ग संरचना यसमै अन्तर्भूत भई साहित्यले कलात्मक आकार प्राप्त गर्ने विषयमा जोड दिएका छन् । काव्यको बाह्यान्तरिक शोभाकारक तत्त्व अलङ्कार हो (दण्डी, १९९२, पृ. ७४) ।

शब्द वा अर्थमा रहेको जुन विशेष वैचित्रचले काव्य सुशोभित भई श्रोता बोद्धाहरूको हृदयमा भित्री आनन्दोल्लासरूप चमत्कार पैदा गर्ने वैचित्रचयुक्त साधन अलङ्कार पदार्थ रहेको छ (सिग्द्याल, २०२८, पृ.८३) । भाषिक प्रयोगमा आउने सामासिक शब्द र तिनमा रहेको अर्थले सामान्यबाट पृथक् कथनका स्थानमा साहित्यलाई उभ्याउने पदयोजनाका रूपमा अलङ्ककारको भूमिका सघन रहने गर्दछ (एरिस्टोटल, २०७७, पृ.२३६) । संस्कृत र पश्चिमा चिन्तनमा विवेचना भएका अवधारणामा अलङ्कार साहित्यको बाह्यसौन्दर्यसँग सम्बन्धित सिद्धान्त रहेको विषय प्रष्ट भए पनि अलङ्कारवादी संस्कृत काव्यचिन्तकहरू अलङ्कार साहित्यको मेरूदण्ड रही यसको केन्द्रीय भूमिकामा अन्य तत्त्वको महत्त्व स्थापित हुने तर्कमा स्थिर रहेका छन् । अलङ्कारवादी सम्प्रदायका मतमा यो विषय काव्यको प्राणतत्त्व रही यसमा रसतत्त्वसमेतको अभिव्यञ्जना रहने अङ्गीतत्त्व हो भने अन्य सिद्धान्तका सापेक्षमा काव्यको बाह्य श्रृङ्गारको विषय रहे पनि अलङ्कारको गौण भूमिका रहने मत पनि स्थापित रहेको छ (त्रिपाठी, २०३२, पृ.४६८) । अलङ्कारवादी सम्प्रदायले यस विषयलाई कुनै वस्तु तथा वस्तुलाई स्थापित गर्ने विषयको संयोजनका रूपमा स्थापित गरेका छन् । सृजनामा अभिव्यञ्जित रहेको वस्तु तथा उक्त वस्तुमा सन्निहित भावको समुच्ययबोधक सिद्धान्तका रूपमा अलङ्कारको विषयले मूर्तता प्राप्त गरेको छ (भट्टराई, २०७७, पृ. २८५) । साहित्यको सौन्दर्य प्रसाधक तत्त्वका रूपमा स्थापित यस सिद्धान्तलाई विकास र विस्तार गर्ने क्रममा यसका भेद-उपभेदको चर्चामा एकारूपता नपाइए पनि यसका शाब्दी र आर्थी भेद हुने विषयमा भने प्रायः विद्वान्हरूको सहमति रहेको छ । शब्द र अर्थमा रहने चमत्कार, वाणीको भूषण, काव्यको शोभा सृजना गर्ने धर्म अलङ्कार हो, यो शब्दालङ्कार र अर्थालङ्कार दुई प्रकारको हुन्छ (एटम, २०७४, पृ. ३७) । यसप्रकार अलङ्कारको वर्गीकरणका विषयमा संस्कृत काव्य चिन्तक तथा यो सम्प्रदाय एकमत रहेको छ ।

सृजनाको शोभाकारक तत्त्व अलङ्कारका आधारमा कृतिको विश्लेषण गर्ने प्रमुख प्रतिमान शब्दालङ्कार र अर्थालङ्कार रहेका छन् । शब्दालङ्कार बाह्य संरचना वा रूपपक्षसँग सम्बन्धित विषय रहेको छ । साहित्यको अपरिहार्य तत्त्व मानिने सङ्गीत वा लयलाई उत्पन्न गर्ने अलङ्कार शब्दालङ्कार हो (गड्तौला, २०७७, पृ.३४) । यस अलङ्कारको सृजनामा उपस्थिति लयात्मकता, अन्तरलयात्मकता तथा साङ्गीतिकता निर्माणका लागि सहयोगी सिद्ध हुने गर्दछन् । कृतिमा आएका समान वर्णको समस्थानिक आवृत्तिका कारण उत्पन्न हुने लयात्मकता तथा साङ्गीतिकताको निर्माण गर्ने अनप्रास तथा एकै वर्णको पुनरावृत्ति भई यमक तथा श्लेष शब्दालङ्कारका विभाजित रहेका छन् (पन्त, २०७७, पृ.१८-१९) । शब्दालङ्कारका रूपमा यमक र अनुप्रास रहेका छन् भने समध्वनि वर्ण र असमानपदहरूको आवृत्तिद्वारा श्रुतिसौन्दर्य उत्पत्ति हुने अलङ्कार शब्दालङ्कार हो भने समध्वनिको आवृत्तिबाट अनुप्रास र असमानपदको आवृत्तिबाट निष्पन्न हुने अलङ्कार यमकका रूपमा घटित हुने गर्दछ (उपाध्याय, २०६७, पृ. ११२) । यसप्रकार अनुप्रासमा समध्वनि र ध्वन्यात्मक उच्चार भएका ध्वनि, शब्द वा पदावलीको प्रयोग र तिनले सिर्जनामा श्रुतिमधुरता सृजना गरेका हुन्छन् भने यमकमा समध्वान्यात्मक तर भिन्नार्थी शब्दको पटकपटकको पुनरावृत्तिले काव्यिक सौन्दर्य निर्माण गरेको हुन्छ ।

वस्तुलाई विषयका रूपमा स्थापित गरी अर्थगत चमत्कृति सिर्जना गर्ने अर्थालङ्कार महत्त्वपूर्ण विषय रहेको छ । साहित्यमा अन्तरसाङ्गीतिकता सिर्जना गर्ने शब्दालङ्कार तथा अर्थवैविद्यलाई स्थापित गरी उच्चकोटिको रचना निर्माण गर्ने काव्यतत्त्वका रूपमा अर्थालङ्कारको अहम् भूमिका रहने गर्दछ । अर्थसँग सम्बन्धित रही सौन्दर्यकारक अर्थात् अर्थगत व्युत्पत्तिका माध्यमबाट रचनालाई श्रृङ्गार गर्ने साहित्यिक तत्त्व अर्थालङ्कारका रूपमा परिभाषित रहेको छ । अर्थालङ्कार शब्दले आफ्नो संरचनात्मक कलाभन्दा पृथक् अर्थलाई कसरी प्रस्तुत र प्रभावित गरेका छन् भन्ने पक्षको विश्लेषणसँग सम्बन्धित रहने विषय रहेको छ । अर्थमा वैचित्रच गराउने साधारण उक्तिभन्दा माथिल्लो तहमा रहेर विशेष आनन्द गराउने मनोहर उक्ति शैली अर्थालङ्कार हो (भट्टराई, २०७७, पृ. २८६) । साहित्यमा साजसज्जापूर्वक विन्यास भएका शब्दले आफ्नो शाब्दी सौन्दर्यभन्दा पृथक् आर्थी चमत्कार र आन्तरिक सौन्दर्यप्रधान रही आर्थी

अभिलक्षणसँगै विशिष्ट अर्थ प्रस्तुत गर्दछ भने ती अर्थालङ्कारका रूपमा रहने गर्दछन् । अर्थालङ्कारका भेद, उपभेदका विषयमा फरकफर अवधारणा रहे पनि नेपाली खोज-अनुसन्धानमा यसका आठ स्थूल तथा ती स्थूल भेदका विविध उपभेद रहने विषयको चर्चा गरेका छन् । अर्थालङ्कारका आठ प्रमुख भेदअन्तर्गत सादृश्यमूलक, विरोधमूलक न्यायमूलक, श्रृङ्खलामूलक, गूढार्थमूलक, उक्तिचातुर्यमूलक, संसर्गमूलक र प्रकीर्ण रहेका छन् (उपाध्याय, २०६७, पृ. ११७) । यी भेदका उपभेदको वर्गीकरणका क्रममा सादेश्यमूलकका उपमादि उनन्तीस, विरोधमूलकका विरोधादि बाह्र, न्यायमूलकका काव्यलिङ्गादि पाँच, श्रृङ्खलामूलकका तीन, गूढार्थमूलकका दुई, उक्तिचातुर्यमूलकका तीन, संसर्गमूलकका तीन तथा प्रकीर्णमूलकका  छ भेदको अध्ययन नेपाली अनुसन्धानमा स्वीकृत रहेको छ । साहित्यमा अस्थिर धर्म वा अर्थप्रधानताका आधारमा उक्तिवैचित्र्य स्थापित भई अर्थ प्राप्ति अथवा प्रस्तुत हुने अलङ्कार सादृश्यमूलक अर्थालङ्कार हो (न्यौपाने, २०३८, पृ. ३३४) । यस अलङ्कारमा अस्थिर आर्थी अभिलक्षणका आधारमा उक्तिवैचित्र्य स्थापित भई काव्यिक सौन्दर्य स्थापित हुने गर्दछ । यसका उपमादि उनन्तीस उपभेद रहेको छ । कथनकार्यमा पारस्परिक आर्थीसम्बन्धका बीच विरोधाभाष सिर्जना भई सम्बद्ध असम्बद्ध विषयको योगबाट अर्थवैविद्य सृजना हुने अलङ्कार विरोध वा विरोधाभाष अलरूकार रहेको छ (थापा, २०६६, पृ. २४६) । एउटा विषयलाई लक्ष्यित गरी आएको विषयले अर्कै विषयको स्थापना, तथा विशेषणका माध्यमबाट अर्थगत चमत्कार सिर्जना गर्ने अभिलक्षण उक्तिचातुर्यमूलक अलङ्कारका विशेषता हुन् (उपाध्याय, २०६७, पृ. १२७) । सिर्जनामा आएका पदार्थ अर्थात् वाक्यार्थले केही विशिष्ट अर्थ प्रस्तुत गर्ने प्रयोजनसँग सम्बन्धित उपपादक रहने विशेषता न्यायमूलक अर्थालङ्कारमा प्रतिफलित हुने गर्दछ -सिग्द्याल, २०२८,  पृ ११५) । अलङ्कारवादीहरू अलङ्कारमा सर्वसमावेशकारी साध्य, साधन र सिद्धिका आधारमा साहित्यको विश्लेषण गर्न सकिने सिद्धान्तका रूपमा परिभाषित गरेका छन् । अलङ्कारशास्त्र आफैं एउटा सिद्धान्त भए पनि यो साहित्यको प्रमुख तत्त्व वा प्रतिमानका रूपमा नभई सहायक प्रतिमानको स्थानमा सीमित रहेको छ । संस्कृत कव्यचिन्तनले अलङ्कारलाई कुनै न कुनै रूपमा अस्तित्वशाली ठाने पनि यो विषय साधनका रूपमा सीमित रहेको छ । काव्यको साध्यपक्ष रस र ध्वनि नै हो र साधन पक्ष अलङ्कार हो तापनि साधन, साध्य र सिद्धि तीन कुरामाविचार गर्ने हो भने साधनसापेक्ष साध्यको सिद्धि तीन कुरामा विचार गर्ने हो भने साधनसापेक्ष साध्यको सिद्धि सफल र पूर्ण बन्दछ भन्ने तथ्यनिर्विवाद छ (पन्त, २०५५, पृ. ४९) । अलङ्कारलाई साहित्यको मूलतत्त्व मान्ने पक्ष र विपक्षमा आआफ्नै तर्क रहे पनि यो कृतिको रूप अर्थात् संरचनापक्षसँग सम्बन्धित विषयमा सीमित रहेको छ । पश्चिमा परम्परामा बिम्बको एक अंशका रूपमा रहने अलङ्कार संस्कृत काव्यचिन्तनमा भने स्वतन्त्र प्रतिमानका रूपमा स्थापित रहेको छ । यस लेखमा साहित्यका अन्य तत्त्वसँग अलङ्कारलाई तुलना गरी भिखारी कवितासङ्ग्रहका कविताको विवेचना नगरी यस कृतिमा रहेका अलङ्कारको अवस्थालाई विवेचना गरिएको छ ।

### ५. सामग्रीविश्लेषण : प्राप्ति र छलफल

नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधाराका संस्थापक, प्रतिष्ठापक र उन्नायक देवकोटका कविता संस्कृत साहित्य सिद्धान्तका प्रत्येक प्रतिमानका आधारमा विश्लेषणीय रहेका छन् । प्रस्तुत लेख *भिखारी* कवितासङ्ग्रहका कवितामा अलङ्कारविधानमा केन्द्रित रहेको छ भने कवितासङ्ग्रहमा सङ्गृहीत रहेका कवितामा अवशिष्ट अलङ्कारको पहिचान गरी ती उद्धरणका आधारमा प्राप्त अलङ्कारको विवेचना गरी निष्कर्ष निकालिएको छ ।

### ५.१ शब्दालङ्कार

शब्दालङ्कार भन्नाले शब्दमा अवशिष्ट अलङ्कार हो जसले शब्दमा रहेको आर्थी पक्ष र अर्थगत अभिवृत्तिलाई पृष्ठपोषण नगरी शब्दकै केन्द्रीयतामा शब्दले प्रस्तुत गरेको आकर्षणलाई खोजी तिनको विवेचना गर्दछ । अधिकतर स्वच्छन्दतावादी भावधाराका कविता सङ्गृहित रहेका *भिखारी* कवितासङ्ग्रहका कवितामा यमक अलङ्कारको प्रयोग शून्यप्रायः रहेको छ भने अनुप्रास अलङ्कारका छेकानुप्रास, वृत्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग प्रत्यक्ष रूपमा भएका छन् । यस कवितासङ्ग्रहका कवितामा अवशिष्ट शब्दालङ्कारका भेदलाई यसप्रकार विवेचना गरिएको छ ।

### ५.१.१ अनुप्रास

समान शब्द वा समध्वन्यात्मक उच्चार भएका ध्वनिको समान स्थान र परिवेशमा पुनरावृत्तिसहित प्रस्तुतीकरणलाई आकर्षक तुल्याउने अलङ्कार अनुप्रास हो । पद्यमा संरचित रचनालाई मात्र काव्यको कोटिमा राखेका पूर्ववर्ती काव्यचिन्तकहरूको मान्यता परवर्ती चिन्तकहरूको गद्यलेखन र काव्यको मापन गर्ने मुख्यआधारका रूपमा गद्यमा परीक्षण गर्नुपर्ने सैद्धान्तिक मतसँगै गद्यमा पनि पद्यवत् आएका शब्दको पुनरावृत्ति र समध्वन्यात्मक उच्चारलाई

अनुप्रासको आधार मानी अध्ययन गर्ने विषयले मान्यता पाएको छ । संस्कृत मनीषीहरूले अनुप्रासका मुख्यतीन भेद र तिनका अन्य उपभेद रहने विषयका आधारमा तिनलाई परीक्षण, विश्लेषण र मूल्याङ्कन गर्ने सैद्धान्तिक आधारको निर्माण गरेका छन् । संस्कृत मनीषीहरूको तीनप्रकारको वर्गीकरण र तिनको सैद्धान्तिक पर्याधार निर्माण भएपनि श्लेषालङ्कार शब्दका तुलनामा आर्थी सम्बन्धका आधारमा निर्माण हुने भएकाले यसलाई अर्थालङ्कारकै स्थानमा राखेर विवेचना गर्नु समीचिन ठहर्दछ । यस कवितासङ्ग्रहमा अनुप्रासीयता निम्नानुसार रहेका छन् ।

**५.१.२ छेकानुप्रास/वृत्यानुप्रास**

काव्यिक संरचनामा व्यञ्जन ध्वनिको समान क्रममा एकपटक पुनरावृत्ति भएमा छेकानुप्रास र तिनै व्यञ्जन ध्वनिको समानक्रम वा क्रमहीन स्थितिमा पुनरावृत्तिभई शाब्दी संरचनालाई आकर्षक तुल्याउँछ भने त्यस्तो स्थानमा छेकानुप्रास र वृत्यानुप्रास प्रतिफलित भएका हुन्छन् । छेकानुप्रासअन्तर्गत समानध्वनिको पुनरावृत्ति समानक्रम अर्थात् एकपछि अर्को शब्दको क्रममा आई प्रतिफलित हुन्छ भने वृत्यानुप्रास समान ध्वनिको पुनरावृत्ति क्रमभङ्गको अवस्थामा प्रतिफलित हुने गर्दछ ।

हेर, हेर ती झुत्रा चिथरा

हाय ! हे समय निष्ठुर !

जीवनपथमा विचरा पथरा !

काँपिरहेका थुरथुर !

झल्लर झोली बढाउँछ बबुरा !

करले अस्थिर कातर !

(देवकोटा, भिखारी श्लोक २, पृ. १)

प्रस्तुत उद्धरणमा पहिलो पङ्क्तिको आरम्भका दुई शब्दमा समान ह/ह, र/र, दोस्रो पङ्क्तिको सुरूका दुई शब्दमा रहेको ह/ह, तेस्रो पङ्क्तिको अन्त्यका दुई शब्दको अन्त्यमा आएको र/र, पाँचौं पङ्क्तिको झ/झ तथा अन्तिम पङ्क्तिको अन्त्यका दुई शब्दमा आएका र/र ध्वनिको पुनरावृत्ति समान क्रममा भई श्रुत्यानुप्रासीयता सृजना भएको छ । यसका अतिरिक्त यही उद्धरणको पहिलो पङ्क्तिका सुरूका दुई र अन्त्यका दुई शब्दको असमान क्रममा आएको 'र', दोस्रो पङ्क्तिको अन्त्यको 'र' तेस्रो पङ्क्तिको मध्य र अन्तिम शब्दका रहेको 'थ', चौथो पङ्क्तिको सुरूको र अन्तिमको शब्दमा रहेको 'र', पाँचौं पङ्क्तिको सुरूका दुई शब्दको 'झ' तथा सुरूको र अन्तिमको शब्दमा आएको 'र' तथा अन्तिम पङ्क्तिका तीनवटै शब्दमा पुनरावृत्ति भएको 'र'को पुनरावृत्ति असमान क्रममा भई वृत्यानुप्रासीयता शब्दालङ्कार प्रतिफलित भएको छ ।

**५.१.३ श्रुत्यानुप्रास**

साहित्यिक संरचनामा विश्राम हुने स्थानमा समध्वनि/वर्ण/शब्दको पुनरावृत्ति भई शाब्दी सौन्दर्य स्थापित गर्ने शब्दालङ्कारलाई श्रुत्यानुप्रास भनिन्छ । प्रस्तुत *भिखारी* कवितासङ्ग्रहमा सङ्गृहीत कविताको पूर्ण अनुच्छेद संरचनामा श्रुत्यानुप्रासको प्रयोग नपाइए पनि अनुच्छेदभित्रका आन्तरिक संरचनामा यसको प्रयोग भएको छ ।

नीलो सफा गगनमा जब चन्द्र आई

त्यो कौमुदी विमलमा जगतै डुबाई । ... ... ॥

(किसान,श्लोक-९, पृ. ३७)

... त्यस्मै फैलिनु, फुल्नु हुन्छ यसको, त्यस्तै वैलाउनु ।

यस्को रूप छ भित्र, भिन्न यसको, व्यक्तित्व सौन्दर्य छ ... ॥

(वृक्ष, श्लोक-८, पृ. ३०)

उपर्युक्त उद्धरणमध्ये पहिलो उद्धरणको पहिलो पङ्क्तिको आठौं वर्ण र दोस्रो पङ्क्तिको समान आठौं वर्णका स्थानमा 'मा' वर्णको पुनरावृत्ति भएको छ । दोस्रो उद्धरणको विश्राममा 'यसको' शब्दको समान स्थान र परिवेशमा पुनरावृत्ति भई प्रस्तुतीकरणमा समानान्तरता स्थापित गरेको छ भने एकैस्थानमा भएको पुनरावृत्तिले श्रुत्यानुप्रासीयता सृजना गरेको छ । नेपाली समालोचनाका क्षेत्रमा संस्कृत साहित्यसिद्धान्तका व्याख्याताहरूले यसप्रकारको शाब्दी पुनरावृत्ति र प्रयोगलाई मध्यानुप्रास मानी विवेचना गरे पनि संस्कृत काव्यचिन्तनमा यसप्रकारको विश्लेषणका बारेमा चर्चा भएको पाइन्न ।

**५.१.४ अन्त्यानुप्रास**

कलात्मक अभिव्यक्तिका रूपमा रहने भाषिक कथन साहित्य सृजनाका क्रममा स्रष्टाले कथनको विराम वा रोकिने सन्दर्भमा प्रयोग गर्ने तुकबन्दीयुक्त भाषिकविधान/व्यवस्थापनलाई अन्त्यानुप्रास भनिन्छ । अन्त्यानुप्रास कथनप्रक्रियाको अन्त्यमा प्रतिफलित हुने प्रक्रिया हो भने यसले अभिव्यक्तिलाई कलात्मक र समानान्तरतायुक्त बनाउने गर्दछ । प्रस्तुत कवितासङ्ग्रहका कवितामा चारै पङ्क्तिमा समान ध्वन्यात्मक उच्चारको पुनरावृत्तिभई सृजना भएका पूर्ण अन्त्यानुप्रास, दुई-दुई पङ्क्तिमा समानध्वन्यात्मक उच्चारको पुनरावृत्ति हुने आंशिक अन्त्यानुप्रास र असमान पङ्क्तिमा समान ध्वनि/वर्णको पुनरावृत्ति भई सृजना भएका असमान/खण्डित जस्ता तीनप्रकारका अन्त्यानुप्रास विधान प्राप्त गर्न सकिन्छ ।

विमान खासा मनको लिईकन
म चन्द्र तारा पृथिवी घुमीकन
विहारको मोज लुटी लुटीकन
फर्कन्छु फेरि उही रम्य आँगन ॥

(गरीब, श्लोक-१२, पृ. ३३)

तिन्का ठुला नजर ती, जलमा प्रकाश
त्यो पद्मझैं मुख र कोमल चन्द्रहास ।
त्यो शुद्ध पैरन तथा हलुका उज्यालो
जाला त्यसै कसरि त्यो मनको उज्यालो ॥

(चारू,श्लोक-६, पृ. ४०)

यस्का पात विचार झैं बहुल छन्, वैलाउँछन् आउँछन्
झर्छन्, फेरि पलाउँछन् तर लिई सादृश्य आकारमा ।
चल्छन् रम्य सजीव चाल रसिला आकाशको श्वासमा
जस्तो भित्र अदृश्यका लहरिमा हाम्रा पनि चल्दछन् ॥

(वृक्ष, श्लोक-७, पृ. २९-३०)

हेर भिखारी अडि अडि आयो
करूण दृष्टिले नजर उठायो ।
गाढा दु:खको मौनप्रकाश !
झीना आशा-तार बजायो ।
घाम उज्यालो आँगनपास !
एक बिन्दुमा गोल खसायो
जीवनको इतिहास ।

(भिखारी, श्लोक-१, पृ. १)

प्रस्तुत उद्धरणहरू मध्ये पहिलो उद्धरणको सबै चार पाउको अन्त्यमा 'न' वर्णको पुनरावृत्ति भई पूर्ण अन्त्यानुप्रासीयता प्रतिफलित भएको छ । दोस्रो उद्धरणको अघिल्ला दुई पङ्क्तिमा 'श', 'स' तथा पछिल्ला दुई पङ्क्तिमा 'य' वर्णको पुनरावृत्ति भई आंशिक अन्त्यानुप्रासीयता पुष्टि गरेको छ । तेस्रो उद्धरणको पहिलो र चौथो पङ्क्तिमा समान 'छन्' र दोस्रो र तेस्रो पङ्क्तिमा समान 'मा' वर्ण तथा चौथो उद्धरणको पहिलो, दोस्रो, चौथो र छैठौं पङ्क्तिमा समान 'य' तथा तेस्रो, पाँचौं र सातौं पङ्क्तिका अन्त्यमा समान 'स' वर्णको पुनरावृत्ति भई अन्त्यानुप्रासीयता प्रतिफलित भएको छ । मात्रिक र वर्णमात्रिक छन्दमा लेखिएका प्रस्तुत सङ्ग्रहका सबै कवितामा उपर्युक्त तीनप्रकारको अन्त्यानुप्रास वितरित रहेको छ । नेपाली समालोचना परम्परामा संस्कृत काव्यचिन्तन सापेक्ष गद्य सृजनाको विश्लेषण र मूल्याङ्कन गर्दा विश्रामलाई आधार मानी तिनै विश्राममा भएको ध्वनि/वर्णको समानान्तरता वा पुनरावृत्तिलाई आधार मानी अनुप्रासविधानको विश्लेषण गर्ने अवधारणा स्वीकृत रहेको छ ।

### ५.२ कवितामा अर्थालङ्कार

अर्थालङ्कार भन्नाले शब्दमा निहित अर्थका आधारमा सृजनाहुने अलङ्कार हो जसले शब्दमा अवशिष्ट आर्थी पक्ष र अर्थगत अभिवृत्तिलाई पृष्ठपोषण गर्दै अर्थका केन्द्रीयतामा यसले प्रस्तुत गरेको आकर्षणलाई खोजी तिनको विवेचना गर्दछ । प्रस्तुत कवितासङ्ग्रहका कवितामा अर्थालङ्कारको प्रयोग सन्तुलित रूपमा भएको छ चार भेदका अर्थालङ्कारको उपस्थिति पाइने यस सङ्ग्रहका कवितामा  सादृश्यमूलक अलङ्कारका रूपमा उपमा, उत्प्रेक्षा, रूपक, प्रतिवस्तुपमा, दृष्टान्त, स्मरण, व्यतिरेक, विरोधमूलक अलङ्कारका उपभेदअन्तर्गत विरोधाभभाष र प्रश्नोत्तर न्यामूलक अलङ्कारको काव्यलिङ्ग तथा उक्तिचातुर्यमूलक अलङ्कारको परिकरउपभेदको प्रत्यक्ष प्रयोग भएको छ ।

### ५.२.१ कवितामा सादृश्यमूलक अर्थालङ्कार

प्रस्तुत कवितासङ्ग्रहमा सादृश्यमूलक अर्थालङ्कारका विभिन्न सात उपभेदको प्रयोग भएको छ । कविता रचनाका क्रममा सादृश्यमूलक अलङ्कारको उपस्थिति सघन रहे पनि अन्य विशेषता भएका अलङ्कारको उपस्थितिले कवितासङ्ग्रहका कवितामा अलङ्कार प्रयोगका दृष्टिले सबै अलङ्कारको सन्तुलित प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहका सादेश्यमूलक अलङ्कारको विवेचना निम्नानुसार रहेको छ ।

#### ५.२.१.१ उपमा अलङ्कार

प्रस्तुतीकरणका क्रममा उपमान, उपमेय, वाचक र सामान्य धर्मको सन्तुलित विन्यास भएर अर्थगत चमत्कृति प्रस्तुत हुने अलङ्कार उपमा अलङ्कार हो । यस अलङ्कारमा उपमानका रूपमा रहेको वस्तुलाई अर्को वस्तुसँग तुलना गरिन्छ त्यो वस्तु उपमेयका रूपमा व्याख्येय रहन्छ । उपमान र उपमेयले वाचकका रूपमा धर्म निर्वाह गरी ती दुईका बीचबिम्ब-प्रतिबिम्बपरक सादृश्य धर्मको अर्थ स्थापित हुँदा उपमा अलङ्कार प्रतिफलित हुने गर्दछ ।

तिन्का ठुला नजर ती, जलमा प्रकाश

त्यो पद्मझैं मुख र कोमल चन्द्रहास ।

त्यो शुद्ध पैरन तथा हलुका उज्यालो

जाला त्यसै कसरि त्यो मनको उज्यालो ॥

(चारू, श्लोक-६, पृ. ४०)

प्रस्तुत उद्धरणमा सहभागीको भूमिकामा रहेकी नायिकाको मुहार उपमानका रूपमा रहेको छ भने यस उपमानलाई पद्म (कमलको फूल) उपमेयमा आरोपित गरिएको छ । नायिकाको मुख र कमलको फूलमा बिम्ब-प्रतिबिम्बपरक सादृश्यधर्म अर्थात् मुख र कमलको फूलको समान स्थिति वा समानता स्थापित भएको छ । वाचक धर्मका रूपमा ठूला आँखामा जलमा परेको आभाष, चन्द्रमाको जस्तो कोमलप्रकाश, पहिरनमा रहेको आभा आदिले प्रभावित तुल्याएको अर्थ प्रतिफलित भई उपमा अलङ्कारको पुष्टि भएको छ ।

**५.२.१.२ उत्प्रेक्षा अलङ्कार**

उपमानका रूपमा सादृश्य रहेका वस्तुलाई उपमानलाई उपस्थितनगराई उपमेयका सादृश्यमा अर्थात् उपमेयकै अर्थप्रधानतामा उपमानको विशेषतालाई प्रस्तुत गरिने उत्प्रेक्षा अलङ्कार हो । यस अलङ्कारमा जुन वस्तु वा विषयका बारेमा भनिएको हुन्छ त्यो वस्तु वा विषय प्रत्यक्ष नभई अप्रत्यक्ष रही अर्थलाई प्रवाहित र प्रसारित गरिरहेको हुन्छ । उदाहरणका लागि :

यस्का पात विचार झैं बहुल छन्, वैलाउँछन् आउँछन्

झर्छन्, फेरि पलाउँछन् तर लिई सादृश्य आकारमा ।

चल्छन् रम्य सजीव चाल रसिला आकाशको श्वासमा

जस्तो भित्र अदृश्यका लहरिमा हाम्रा पनि चल्दछन् ॥

(वृक्ष, श्लोक-७, पृ. २९-३०) ।

यस उद्धरणमा मानव शरीरको संरचना र कार्यसञ्चालन प्रणालीका बारेमा एउटा वृक्षलाई उपमेयका रूपमा प्रस्तुत गरी अर्थलाई सघन र निरन्तरता दिइएको छ । यसमा मानव जीवनका पक्षलाई अप्रस्तुत विषयका रूपमा राखी एउटा रूखको प्राकृतिक चक्रअनुसार पात ओइलाउने, पलाउने, तर ओइलाउने र पलाउने क्रममा तिनको आकार/प्रकार एउटै रहने, तिनमा परिवर्तन नहुने स्थिर प्रकृतिको रहने अर्थ प्रस्तुत भएको छ । रूखको फेदमा बसेर वायुमण्डलतिर हेर्दा हामीले त्यसको चालका बारेमा जे अनुभव गर्छौं, त्यसको चालका विषयमा जे कल्पना र अनुमान गर्छौं त्यसैप्रकार हाम्रो आन्तरिक संरचना पनि चलायमाल र गतिशील रहन्छन् । हाम्रा विचार र भावहरू वृक्षका पात जस्तै असङ्ख्य र परिवर्तनशील छन् तथापि रूखका पात परिवर्तन हुँदा एकै आकृतिमा परिवर्तित भए पनि हाम्रा विचारले स्थिरता नपाएको अर्थलाई उपमेय रूखको वर्णन गर्ने सन्दर्भमा मान्छेमा आरोपित गरी प्रस्तुत गर्ने यस उद्धरणमा उत्प्रेक्षा अलङ्कार प्रतिफलित भएको छ ।

**५.२.१.३ रूपक अलङ्कार**

सृजनाका सन्दर्भमा सर्जकले उपमानलाई उपमेयमै समावेश गरी अर्थको निर्माण गर्दछ भने त्यस्तो स्थितिमा प्रतिफलित हुने अलङ्कारलाई रूपक अलङ्कार भनिन्छ । यस अलङ्कारमा उपमानका रूपमा रहने वस्तु वा विषय उपमेयमा नै अभ्यन्तरित भई वर्णन गरिएको विषयले पूर्णता प्राप्त गरेको हुन्छ ।

मखमल कोमल घाँस फुलेका

गिरिको रसिलो सुन्दर काख

पातहरूको हरियो छतमा

चिरबिर छिरबिर चिडिया लाख ।

निर्मल गाढा नीर गगनका

टुकडाहरू छन् बुट्टादार

पश्चिम लाली, पूर्व छ जाली

बादल-पर्दा चित्राकार ।

(तिनको घँसियागीत, श्लोक-१, २, पृ. ७) ।

प्रस्तुत उद्धरणमा ग्रामीण परिवेशमा रहेको कुनै गाउँको निश्चित स्थान उपमानका रूपमा रहेको छ भने उक्त उपमानको उपस्थिति प्रत्यक्ष नभई अभ्यन्तरित रूपमा प्रकृतिका विभिन्न बिम्ब र सन्दर्भमा समावेश भएर आएको छ । ग्रामीण नारीको दैनिकीका रूपमा रहेको घाँस काट्ने कार्य र घाँस काट्ने युवतीको परिवेश अर्थात् ग्रामीण क्षेत्रको सुन्दरतालाई घाँस फुलेको अवस्थालाई मखमली फुलेको, घाँस काट्ने स्थानलाई पहाडको काखमा बसेको समथर

स्थान, हरियो छहारीलाई पातको छत, लाखौं चराहरू गाइरहेको स्थिति, गाढा निलो आकाशमा छरिएका टुक्रे बादलले समग्र आकाशलाई बुट्टादार र आकर्षक तुल्याएको, सूर्य पश्चिमतिर ढल्कँदै गरेको दिनको प्रौढावस्था पूर्वदिशाको आकाशमा लागेको बादलको पर्दा जस्ता अनेक विषयलाई आधार मानी ग्रामीण क्षेत्रको निश्चित भूभागको विवेचना गरिएको छ । यस विवेचनामा कहीं कतै कुन स्थान हो भन्ने विषय साक्षात्कार भएको छैन भने प्रकृति वर्णनका क्रममा उपमान उपमेयभित्रै समाहित भएको छ । सृजनाका क्रममा उपमान पूर्णतः अप्रत्यक्ष बनेको यस कथनमा रूपक अलङ्कार प्रतिफलित भएको छ ।

### ५.२.१.४ दृष्टान्त अलङ्कार

जुन विषयका बारेमा विवेचना गरिन्छ त्यस विषयको पुष्टिका लागि फरकफरक कथ्यविषयलाई आधार बनाइ अर्थलाई प्रभावित तुल्याउने अलङ्कारलाई दृष्टान्त अलङ्कार भनिन्छ । यस अलङ्कारमा एउटै विषयसम्बद्ध अर्थको पुष्टिका लागि फरक प्रकृतिका दुई विषयको तुलना र विचेचना गरी त्यसको अर्थ एकै हुने भाषिक चयनका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ ।

हाम्रो हो स्वर्ग राम्रो घर, जन त्यसमा देवता छन् उज्याला,

बाबाहुनब्रम्हहाम्रा सकल सुख त्यहीकल्पनाभैं रसीला ।

उन्को कानूनमाने अचल सुख तथाशान्तिको राज्य मिल्छ

जे जे भित्रै चितायो उहि-उहि छिनमा जिन्दगीभित्र फल्छ ॥

(जीवनवन, श्लोक-३, पृ. २५)

प्रस्तुत उद्धरणमा एउटा सुखी घर र त्यससम्बद्ध वातावरणको विवेचना गर्ने क्रममा फरक सन्दर्भको उपस्थितिमा फरक सन्दर्भलाई अर्थसँग जोडी कथ्यलाई पूर्णता दिइएको छ । घरलाई स्वर्गसँग तुलना गरी घरलाई स्वर्गवत् तुल्याउनका लागि अवलम्बन गर्नुपर्ने आचरण र आफ्नो भूमिका प्रस्तुत गरेको यस संरचनामा घरमा सबै मान्छे उज्याला अर्थात् हँसमुख भए घर स्वर्ग हुने, घरको अभिभावक, अर्थात् बाबु सृष्टिकर्ता, कर्तव्यपरायण सन्तान र अभिभावकको आज्ञा पालन गर्ने आज्ञाकारी सदस्य, परिवारको नेतृत्वकर्ताको आज्ञा-आदेश अनुसार परिवार चल्नुपर्ने, त्यसरी चलेमा पारिवारिक सुख, शान्ति र समृद्धि मिल्ने, सबैलाई कर्म र भूमिकाअनुसारको फलअर्थात् सिद्धि प्राप्त हुने अर्थमा एउटा आदर्श घर र घरमा बस्ने परिवारको विवेचना भएको छ । यस कथ्यमा आएका विविध सन्दर्भले एकता र आज्ञाकारिताको पालना गर्ने परिवार समृद्ध र शक्तिहाली परिवार हुन्छ भन्ने मुख्यार्थको प्रतिपादन हुने सन्दर्भमा दृष्टान्त अलङ्कार प्रतिफलित भएको छ ।

### ५.२.१.५ स्मरण अलङ्कार

सृजना काक्रममा एउटा वस्तुको विवेचना गर्ने सन्दर्भमा अर्को वस्तु सादृश्य हुने आर्थी अभिवृत्तिलाई पृष्ठपोषण गर्ने अलङ्कारलाई स्मरण अलङ्कार रहेको छ । यस अलङ्कारमा एउटा वस्तु वा विषयको वर्णन गर्ने क्रममा अर्को वस्तुसितको सदृश्य धर्मको तुलना हुने तथा उक्त विषय साक्षत्कार नभई स्मरणमै दुई वस्तु वा विषयका बीचमा तुलना भई अर्थले पूर्णता प्राप्त गरेको हुन्छ ।

घुम्थिन् छिनै चउरमा, यहि कुञ्जकुञ्ज

टिप्थिन् यिनै कुसुम सुन्दर पुञ्जपुञ्ज ।

यो दृश्यमा तिनि थिइन् यसलाई भर्थिन्

पन्छी थिइन् जमिनको सब रम्य गर्थिन् ॥

(चारू, श्लोक-३, पृ. ३९)

यस उद्धरणमा विषयको केन्द्रमा रहेकी नायिकाको गतिविधिलाई विवेचना गर्ने सन्दर्भमा पाठकले मान्छेको व्यक्तित्वका बारेमा नबुझी नायिकालाई एउटा पन्छीका रूपमा विषयको बोध गर्ने स्थिति निर्माण भएको छ । एउटी चञ्चल स्वभाव भएकी ग्रामीण नारीमा रहेका विशेषतालाई वर्णन गर्ने क्रममा तिनको उपस्थिति गतिशील र चञ्चल

रहेको, तिनको चाल छिनमै चहुर र छिनमै कुना कन्दरामा पुग्ने, त्यहाँबाट देखिने प्रत्येक दृश्यमा तिनको अर्थात् नायिकाको उपस्थिति हुने सन्दर्भले तिनको उपस्थितिलाई पाठकले पन्छीको रूपमा स्मरण गर्ने अर्थप्राप्तिले यस उद्धरणमा स्मरण अलङ्कार प्रतिफलित भएको छ ।

### ५.२.१.६ व्यतिरेक अलङ्कार

प्रस्तुत विषयलाई अप्रस्तुत विषयमा आरोपित गरी रचना प्रक्रियाले पूर्णता पाउने आर्थी अभिलक्षणयुक्त अलङ्कार व्यतिरेक अलङ्कार हो । यस अलङ्कारमा एउटा वस्तु वा विषयको विशेषतालाई क्रममा अर्को वस्तुको सदृश्यमा आरोपित गरी अर्थगत चमत्कृति प्रतिफलित भएको हुन्छ ।

त्यो झोपडीसँग अनी जुन मिल्नजाँदा

देखिन्छ स्वर्गबिच बास अलग्ग साधा ।

सीधा पनासँग महत्त्व मिली बनेको

छिर्का परी रूखमनी सुषमा भरेको ॥

(किसान, श्लोक-१०, पृ. ३७)

यस उद्धरणमा सुखले सृजना गरेको झोपडीमा चन्द्रलोकको परिकल्पना,चन्द्रलोकमा सुख र समृद्धि छ भन्ने विश्वास, स्वर्गमा आनन्द, सुख, वैभव रहेको र रहने विश्वास, सुख, चन्द्रलोक, स्वर्ग र आनन्दको प्राप्ति सीमित आवश्यकतामा निर्भर रहने र सोझोपनबाट प्राप्त भएको तथा उपर्युक्त सबै विषयको आभाष रूखमुनिको शीतल पर्यावरणमा रहेको विरोधाभाषयुक्त कथनका माध्यमबाट प्रस्तुत भएको छ । धर्तीमा रहेको झुपडीलाई जूनअर्थात् चन्द्रलोक, चन्द्रलोक स्वर्गजस्तै रहेको, कपट र स्वार्थरहित जीवनमा स्वर्गीय आनन्द रहेको तथा ती स्वर्गीय वैभव रूखको शीतल छायाँमा अवशिष्ट रहेको कल्पनामा विरोधाभाषको पर्याप्तता रहेको छ । स्वर्गका विषयमा मान्छेको मानसिकतामा बनेका बिम्ब र रूखको छायाँका बीचमा समानार्थक स्थिति नभई विपरीतार्थक अवस्था नै प्रतिफलित हुने सन्दर्भमा यस उद्धरणमा व्यतिरेक अलङ्कार प्रतिफलित भएको छ ।

### ५.२.१.७ प्रतिवस्तुपमा अलङ्कार

स्रष्टाले सृजनाका क्रममा भिन्न विषयलाई प्रस्तुत र अप्रस्तुत दुवै रूपमा प्रस्तुत गरी आर्थी अभिलक्षणलाई पूर्णता दिने क्रममा निर्माण हुने अलङ्कार प्रतिवस्तुपमा अलङ्कार हो । यस अलङ्कारमा व्याख्या गरिने विषय वा वस्तुका बारेमा विषयसँग सम्बन्धित र असम्बन्धित दुवै प्रकारको प्रस्तुतिले एकै अर्थको उद्‌बोधन गरेका हुन्छन् ।

विमान खासा मनको लिईकन

म चन्द्र तारा पृथिवी घुमीकन

विहारको मोज लुटी लुटीकन

फर्कन्छु फेरी उहि रम्य आँगन ।

(गरीब, श्लोक-१२, पृ. ३३)

यस कवितांशमा अप्रस्तुत विषयका रूपमा मानसिक शान्तिले सृजना गर्ने सुख र वैभव रहेको छ भने प्रस्तुत विषयका रूपमा कल्पना वा मनको विमानमा आकाश, धर्ती लगायत ब्रह्माण्ड भ्रमण गरेर उक्त कल्पनाको भ्रमणमा भएको आनन्दको रमाइलो अनुभूतिसहित आफ्नै झुपडी अर्थात् सुखको संसारमा फर्किएका सन्दर्भ प्रस्तुत भएका छन् । अप्रस्तुत विषयका रूपमा रहेको मानसिक शान्ति र मनमा रहेको काल्पनिक सुखका बीच अन्वय भएको यस उद्धरणमा सुख प्राप्तिका लागि मानसिक शान्ति निर्विकल्प विषय र त्यसको उपभोग अप्राप्तिका रूपमा नभई प्राप्तिका रूपमा गर्न सके सुखलाई अमूर्त विषय अर्थात् मानसिक अनुभूति मात्र नभई भौतिक वस्तुका रूपमा ग्रहण गर्न सकिने अर्थ स्थापित भएको छ । प्रस्तुत र अप्रस्तुत दुवै सन्दर्भको अर्थगत एकान्विति रहेको यस उद्धरणमा प्रतिवस्तुपमा अलङ्कार प्रतिफलित भएको छ ।

### ५.३ कवितामा विरोध, उक्तिचातुर्य र न्यायमूलक अर्थालङ्कार

प्रस्तुत कवितासङ्ग्रहमा विरोधमूलक, उक्तिचातुर्यमूलक र न्यायमूलक अर्थालङ्कारको प्रयोग भएको छ । कविता रचनाका क्रममा सादृश्यमूलक अलङ्कारको उपस्थिति सघन रहे पनि अन्य विशेषता भएका अलङ्कारको उपस्थितिले कवितासङ्ग्रहका कवितामा अलङ्कार प्रयोगका दृष्टिले सबै अलङ्कारको सन्तुलित प्रयोग भएको छ । विरोध, उक्तिचातुर्य र न्यायमूलक अर्थालङ्कार र तिनका उपभेदका रूपमा विरोधाभाष, प्रश्नोत्तर, परिकर र काव्यलिङ्ग अलङ्कारको विश्लेषण निम्नानुसार गर्न सकिन्छ ।

### ५.३.१ विरोधाभाष अलङ्कार

विरोधद्वअर्थी आर्थी अभिलक्षणबाट निर्माण हुने अलङ्कार रहेको छ । यस अलङ्कारमा द्वअर्थी अभिलक्षण भएको श्लेषका माध्यमबाट परिहार अर्थात् अर्थलाई बीचैमा छाडिएको तथा वस्तु र विषयको वर्णन गर्ने सन्दर्भमा एक अर्काको भाव भिन्न रूपमा अभिव्यञ्जित भई संरचनाको अर्थ अलग भई प्राप्त हुने प्रक्रिया घटित हुने गर्दछ ।

हाडहरूका सुन्दर खम्बा,

मांशपिण्डका दिवार !

मस्तिष्कको यो सुनको छाना,

इन्द्रियहरूको द्वार !

नसा-नदीका तरल तरङ्ग,

मन्दिर आफू अपार !

कुन मन्दिरमा जान्छौ यात्री,

कुन मन्दिरको द्वार ?

(यात्री, श्लोक-२, पृ. १७) ।

प्रस्तुत उद्धरणमा बाह्य जगत्मा स्थापित मन्दिर जहाँ ईश्वर रहन्छन् भन्ने लोकविश्वास रहेको छ भने उक्त मन्दिरलाई मानव शरीरमा आरोपित गरी कथ्यको अर्थ प्रस्तुत गरिएको छ । मन्दिरको संरचनाका लागि आवश्यक बाह्यान्तरिक तत्वका रूपमा मानव शरीरका अङ्गको भूमिका नै श्रेष्ठ रहेको सन्दर्भलाई प्रस्तुत गरिएको यस उद्धरणमा मन्दिरका खम्बालाई मानव अस्थिपञ्जरसँग, मन्दिरको पर्खाललाई मानव मांशपेशीका रूपमा, मन्दिरको सुनको छानाको रूपमा मानव मस्तिष्क, तीर्थस्थलका छेउमा बहने नदीका रूपमा शरीरका नशा र पवित्र मानिने पानीका रूपमा नशामा बहने रगतजस्ता भिन्न विषय कवितामा वर्णन गरिएका भौतिक वस्तु शरीर र मन्दिरको संरचनात्मक र अर्गगत विरोध र भिन्नता प्रस्तुतिसम्बद्ध रहेका छन् । संरचनात्मक र कार्यात्मक भिन्नता रहेका तर परस्परमा तुलनीय रहेका वस्तु र विषय (शरीर र मन्दिर)लाई आधारसहित वर्णन गरिएको यस उद्धरणमा विपरीत अर्थका रूपमा मान्छेको शरीरको महत्त्व र मान्छेले गर्ने कर्ममा नै ईश्वर प्राप्ति र अप्राप्ति रहेको तथा त्यसका लागि मन्दिरमा जानु नपर्ने निष्कर्ष आएको यस उद्धरणमा विरोधाभाष अलङ्कार प्रतिफलित भएको छ ।

### ५.३.२ प्रश्नोत्तर अलङ्कार

सृजनाका क्रममा प्रश्नसूचक आर्थी अभिलक्षण भई सोही सन्दर्भभित्र प्रश्नको उत्तर समावेश भई प्रश्नोत्तरको दोहोरो प्रक्रिया पुरा भई संरचित रचनामा प्रश्नोत्तर अलङ्कार प्रतिफलित भएका हुन्छन् । यस अलङ्कारमा प्रश्न र उत्तरको कलात्मक प्रस्तुतिका माध्यमबाट अर्थगत विशिष्टता सृजना गरिएको हुन्छ भने प्रश्नमा विभिन्न प्रकारका भाव र सन्दर्भ समावेश भएका हुन्छन् । काव्यचिन्तन परम्परामा प्रश्न र उत्तरलाई अलगअलग रूपमा अध्ययन गर्ने प्रचलन रहे पनि प्रश्न र उत्तरलाई एकै दृष्टिकोणका दुई शाखा रहेको अर्थमा समाहित गरी नेपाली परम्परामा प्रश्नोत्तर अलङ्कारका रूपमा अध्ययन गर्ने प्रचलन रहेको छ ।

'यस्तो रहस्यमय जीवन बुझ्नलाई,

जानू कहाँ पढनु के ? गुरूको बनाई ?

फुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन्

उद्यानमा बस गई सब तत्त्व खुल्छन् ।

(प्रश्नोत्तर, श्लोक-३, पृ. २२)

यस उद्धरणको पहिलो पङ्क्तिमा विषयलाई निर्देश गर्ने आर्थी संरचनाको प्रस्तुति भएको छ भने दोस्रो पङ्क्तिमा जीवनको रहस्यसँग सम्बन्धित प्रश्नको निर्माण भएको छ । पछिल्ला दुई पङ्क्तिमा जीवनको रहस्यलाई परिभाषित गर्ने विषय, स्थान र शिक्षादिने दाताको विवेचना गरी दोस्रो पङ्क्तिमा पूर्वापर प्रश्नको उत्तर प्रस्तुत गरिएको छ । जीवनको तात्पर्य बुझाउने गुरू विशिष्ट व्यक्ति नभएर फुल्दै गरेको फूल त्यसमा पनि काँडाको बीचमा फुल्ने गुलाबलाई उपयुक्त गुरूका रूपमा र गुलाब फुल्ने उद्यानलाई उपयुक्त विद्यालयका रूपमा चयन भएको छ । यसप्रकार ज्ञानको विषय, ज्ञान पाउने आधार, ज्ञानको स्रोत, गुरूकुल र गुरूजस्ता सम्पूर्ण विषयमा संक्षिप्त र सारपूर्ण आर्थी अभिलक्षण प्रस्तुत यस उद्धरणमा प्रश्नोत्तर अलङ्कार प्रतिफलित भएको छ ।

**५.३.३ परिकर अलङ्कार**

लेखनका क्रममा कुनै विषय वा वस्तुको विवेचना गर्दा विश्लेष्य वस्तु वा विषयमा अवशिष्ट रहेको अर्थलाई विशेषणका माध्यमबाट प्रस्तुत गरी उक्त विशेषणमै वर्णन गरिएको कथ्यविषयको अर्थ र सार प्रस्तुत गर्ने आर्थी अभिलक्षणयुक्त शिल्प परिकर अलङ्कार हो । यस अलङ्कारमा अर्थप्राप्तिको मूलआधारका रूपमा विशेषण रहेका हुन्छन् भने सृजनाका क्रममा आएका विशेषणले जे-जति अर्थविस्तार गर्नसक्छ त्यसले यस अलङ्कारलाई सघन र सशक्त तुल्याउने मान्यता रहेको छ । यस आधारमा यसको परिभाषा विशेषणप्रधान अलङ्कारका रूपमा पनि भएको छ ।

हे ! प्यारा शिशु फेरि बन्न त सके बन्ने थिएँ बालक

'केटाकेटि' भनून् बुझक्कड बुढा, मान्दीन केही धक ।

यो मीठो, रसिलो, खुला र हँसिलो यो मग्न मस्ती लिई

छाडी दिन्छु म मोलतोल जगको वात्सल्यलाई लिई ॥

(बालककाल, श्लोक-९, पृ. २७)

प्रस्तुत उद्धरणमा स्रष्टाको बाल्यावस्थाप्रतिको आकर्षण र सम्मोहन तथा बाल्यकालको स्मरणलाई विभिन्न विशेषणले प्रस्तुत गरेको छ । लेखक बालक कालमा फर्कन पाए के गर्थे भन्ने विषयलाई केन्द्रमा राखी बाल्यकालको सुखलाई प्रस्तुत गरेको यस कथनमा विषयको व्याख्या प्यारा, बुझक्कड, बूढा, मिठो, रसिलो, खुला, हँसिलो, मग्नमस्ती जस्ता विशेषणले सिङ्गो बाल्यकालका विशेषता र जीवन शैलीलाई प्रतिबिम्बित गरेको छ । यस उद्धरणको अर्थप्रप्ति विशेषणमा समावेश रहेको तथ्यका आधारमा परिकर अलङ्कार प्रतिफलित भएको पुष्टि हुन्छ ।

**५.३.४ काव्यलिङ्ग अलङ्कार**

सृजनाका क्रममा समर्थन गर्नुपर्ने विषयलाई समर्थन गर्ने आर्थी अभिलक्षण प्रस्तुत हुने अलङ्कारलाई काव्यलिङ्ग अलङ्कार भनिन्छ । यस अलङ्कारमा जुन विषयका बारेमा जे अर्थ छ त्यसको समर्थन गर्ने अनेक अर्थ अपेक्षित रही समर्थन गर्ने अर्थका आधारमा विषयवा वस्तुको व्याख्या प्रस्तुत गरिएको हुन्छ ।

प्रभात सन्ध्याहरू रङ्ग भर्दछन्

र मेघ आईकन दङ्ग पर्दछन् ।

छ नृत्य राम्रो ऋतुको समागम

दृश्यादि पर्दा दिन-रातको क्रम ॥

(गरीब, श्लोक-६, पृ. ३२)

प्रस्तुत उद्धरणमा मान्छेले गरिबीलाई सन्तोष र सुखको विषयका रूपमा ग्रहण गर्दछ अर्थात् मान्छेसँग जे छ त्यसैलाई सन्तोष र सन्तुष्ठीका रूपमा ग्रहण गर्दछ भने उसका लागि अभाव नै विलासिता र दरिद्रता नै सुखको रूपमा स्थापित हुन पुग्दछन् भन्ने कथ्यविषयको समर्थनका लागि प्रभात र सन्ध्याले जीवन रङ्गीन बनाएको मेघले दङ्ग परेर ढोलक बजाएको, ऋतु परिवर्तनको चक्र नृत्यका रूपमा मनोरञ्जन दिने साधन भएको तथा रात र दिन उपर्युक्त स्थितिका लागि उपयुक्त मञ्च रहेको जस्ता अर्थले समर्थन गरी अर्थलाई चमत्कारपूर्ण तुल्याएको छ । सन्तोष मान्छेलाई सुखी तुल्याउने निर्विकल्प भाव हो भन्ने विषयको समर्थनका लागि आएका उपर्युक्त सन्दर्भले समर्थन गर्ने क्रममा यस उद्धरणमा काव्यलिङ्ग अलङ्कार प्रतिफलित भएको छ ।

## ६. निष्कर्ष

नेपाली साहित्यमा सम्मान तथा अध्ययनका कोणबाट अधिकतर अध्येताको रोजाइमा रहेका लक्षीप्रसाद देवकोटाको साहित्ययात्राको प्रथम चरणका प्रवृत्ति सघन रूपमा मुखर रहेका भिखारी कवितासङ्ग्रहका कविता विशुद्ध स्वच्छन्दतावादी विषयमा आधारित रहेका छन् । प्रकृति, मानव तथा प्रकृति-मानव तादात्म्य सम्बन्धको प्रस्तुति रहेका यस सङ्ग्रहका कविताका विषयमा भएका पूर्वअध्ययनमा विधासैद्धान्तिक, प्रवृत्तिपरक, मूल्यनिर्णयात्मक तथा भावधारागत रहे पनि विधासिद्धान्तको एक तत्त्वका आधारमा रहेको रिक्तताको परिपूर्तिमा यो लेख केन्द्रित रहेको छ । कविताका सङ्ग्रहका कवितामा अलङ्कार विधान मूल समस्यामा केन्द्रित यस लेशमा कवितामा अवशिष्ट शब्दालङ्कार र अर्थालङ्कारको विवेचना भएको छ । संस्कृत काव्यचिन्तनमा शैलीसँग सम्बन्धित काव्यतत्त्वका रूपमा अलङ्कार प्रमुख सिद्धान्त रहेको छ । सिर्जनाको संरचनात्मक पक्षसँग सम्बन्धित अलङ्कारको विषयलाई पश्चिमी साहित्यमा शैलीको निकट सिद्धान्तका रूपमा लिइन्छ । सिर्जनामा प्रयुक्त भाषिक कलापक्षको प्रतिनिधि यस सिद्धान्तले कृतिमा बाह्य र आन्तरिक संरचनालाई सुगठित बनाउँछ । अलङ्कारले बाह्य संरचनाका रूपमा कृतिमा अनुप्रासीयता, अन्तर अनुप्रसीयताका साथै साङ्गीतिक पक्षलाई सुदृढ तुल्याउन सशक्त भूमिका खेल्दछ भने आन्तरिक संरचनामा अर्थको चमत्कृति निर्माण गरी कृतिलाई उच्चस्तरीय तुल्याउनका लागि अहम् भूमिका खेल्दछ । नेपाली खोज-अनुसन्धान र समालोचनामा शब्दालङ्कार र अर्थालङ्कारका विविध भेदका आधारमा समीक्षा गर्ने प्रचलन स्वीकृत एवं स्थाापित रहेको छ । लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधाराका उन्नायक व्यक्ति रहेका छन् भने उनको भिखारी कवितासङ्ग्रहमा सङ्गृहीत कविता विशुद्ध स्वच्छन्दतावादी भावधाराको प्रतिनिधित्व गर्ने बाईस कविताको सङ्कलन हो । प्रस्तुत सङ्ग्रहका कवितामा शब्दालङ्कारको अनुप्रास र यसका उपभेद तथा सादृश्यमूलक, विरोधमूलक, उक्तिवैचित्र्यमूलक र न्यायमूलक भेदअन्तर्गतका विविध उपभेदका अर्थालङ्कारको प्रयोग भएको छ । अनुप्रासअन्तरगत छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यानुप्रास र अन्त्यानुप्रासको सन्तुलित र सम्यक प्रयोग भएको छ । शब्दालङ्कारका उपर्युक्त भेदले कवितालाई आकर्षक, श्रुतिमधुर एवं साङ्गीतिक तुल्याउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । अर्थालङ्कारअन्तरगत सादृश्यमूलक अर्थालङ्कारका उपमा, उत्प्रेक्षा, रूपक, दृष्टान्त, स्मरण, व्यतिरेक र प्रतिवस्तुपमा अलङ्कारले काव्यिक संरचनालाई अर्थका कोणबाट स्तरीय तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । विरोधमूलक अर्थालङ्कारका विरोधाभाष र प्रश्नोत्तर अलङ्कारको प्रयोग पाइने यस सङ्ग्रहका कवितामा उक्तिचातुर्यमूलक अर्थालङ्कारको परिकर तथा न्यायमूलक अर्थालङ्कारको काव्यलिङ्ग उपभेदको प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहका कवितामा आएका शब्दालङ्कार र अर्थालङ्कारले काव्यिक भाव र कला सौन्दर्यलाई आकर्षक तुल्याएको छ । सहज भाव प्रवाहमा रचना गरिएका यस सङग्रहका कविता शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगका लागि अवलम्बन गरेको प्रविधि कृत्रिम र अस्वाभाविक नभई रचनाका क्रममा स्वतस्फूर्त रूपमा आएका छन् । प्रस्तुत सङ्ग्रहका कविता अलङ्कारसिद्धान्तका आधारमा अध्ययनीय सामग्री रहेको निष्कर्ष हुन आउँछ ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, केशवप्रसाद. (२०६७). *पूर्वीय साहित्यसिद्धान्त.* (पाँचौ संस्क.), साझा प्रकाशन ।

एटम, नेत्र. (सम्पा.) (२०७४). *संक्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गड्तौला, नारायणप्रसाद. (२०७७). *पूर्वीय काव्यसिद्धान्तको प्रायोगिक पद्धति.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चामलिङ, गुमानसिंह. (२०७७). *एरिस्टोटल र उनको काव्यशास्त्र पेरि पोइतिकेस* (दोस्रो संस्क.) नेपाल प्रज्ञा-प्रतिष्ठान ।

थापा, मोहनहिमांसु. (२०६६). *साहित्य परिचय.* (पाचौं संस्क). साझा प्रकाशन ।

दण्डी, (१९९२). *काव्यदर्श.* (व्याख्या) पारसनाथ द्विवेदी, वाराणसी : चौखम्बा विद्या भवन ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०५१). *भिखारी.* (पन्ध्रौं संस्क). साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद. (२०३८). *साहित्यको रूपरेखा.* साझा प्रकाशन ।

पन्त, भरतराज. (२०५५). 'अलङ्कारसिद्धान्त'. *नेपाली साहित्यकोश.* ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान (सम्पा.) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पन्त, भरतराज. (२०५१०). *नेपाली अलङ्कार परिचय.* (दोस्रो संस्क.). नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, गोविन्दप्रसाद. (२०७७). *पूर्वीय काव्यसिद्धान्त.* (दोस्रो संस्क.). नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सिग्द्याल, सोमनाथ.(२०२८). *साहित्यप्रदीप,* (दोस्रो संस्क.). पुस्तक संसार ।

त्रिपाठी, वासुदेव. (२०३४). *कवि लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन.* पाठ्यक्रम विकास केन्द्र ।